नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय
(बजेट कार्यान्वयन शाखा)

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

प.सं. २०७६।०७७ मितिः२०७६।०५।२४
च.नं. ३५

**विषयः प्रदेश तथा स्थानीय तहमा समायोजन भएका कर्मचारीको सेवा सुविधा सम्बन्धमा।**

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय
सबै ।

उपरोक्त सम्बन्धमा अर्थ मन्त्रालयको च.नं. ९४ मिति २०७६/५/२२ को पत्रानुसार समायोजन ऐन,२०७५ मा भएको व्यवस्था अनुसार प्रदेश तथा स्थानीय तहमा समायोजन भएका कर्मचारीलाई अभिलेख अद्यावधिक राखी निजामती सेवाबाट प्रदेश तथा स्थानीय तहमा समायोजन भई सेवाबाट अलग भएमा उक्त ऐनको दफा १६ (२) मा उल्लेख भए अनुसारका सुविधा (अवकास भुक्तानी) प्रमाणित कागजातको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा तथा भुक्तानी दिने व्यवस्था मिलाउन हुन मिति २०७६/५/२० को निर्णय (सचिवस्तर) अनुसार अनुरोध भई आएकोले गत आ.ब.२०७५/०७६ मा निकासा गरिए बमोजिम नै तपसील अनुसार गर्न गराउनु हुन अनुरोध छ।

१. अवकास प्राप्त गर्ने निजामती कर्मचारीको अवकास स्वीकृत गर्ने निकायबाट त्यस्तो अवकास प्राप्त कर्मचारीको संचित बिदा तथा सेवासंग सम्बन्धित प्रमाणित कागजातहरु तहाँ कार्यालयले प्राप्त गर्ने। यस्तो प्रमाण तथा कागजात जुटाउने दायित्व सम्बन्धित अवकास प्राप्त कर्मचारी कै हुने।

२. निजामती किताबखानाबाट जारी भएको निवृतभरण अधिकारपत्र वा अवकास पत्र सम्बन्धित तहाँ कार्यालयलाई दिएको बोधार्थ पत्रको सक्कलै प्रति प्राप्त गर्ने।

३. प्रमाणित संचित बिदा तथा सेवासँग सम्बन्धित विवरण र निजामती किताबखानाको सिफारिस पत्रका आधारमा तहाँ कार्यालयले उपदान, संचित बिदा र औषधि उपचार रकममा नियमानुसार कर कट्टी गरी भुक्तानी आदेश तयार गर्ने र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयका नाममा निकासा भुक्तानी जनाई सम्बन्धित कर्मचारीलाई चेक प्रदान गर्ने वा विद्युतीय फण्ड ट्रान्सफर (EFT) द्वारा सम्बन्धित कर्मचारीको खातामा रकम ट्रान्सफर गर्ने ।

४. उपरोक्तानुसार निकासा/भुक्तानी भएको रकमको ब.उ.शि.नं. गत स्रेस्ता राखी आवश्यक विवरणहरु समेत तयार गरी आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षण गराउने दायित्व समेत तहाँ कार्यालयको हुने।

५. अन्य निकाय तथा सेवाका कर्मचारीहरुको अवकास सम्बन्धी सेवा सुविधाको रकम भुक्तानी साबिककै व्यवस्था अनुसार गर्ने।

६. यस कार्यालयको च.नं.२ मिति २०७६/४/१ मा बजेट कार्यान्वयन सम्बन्धि निर्देशनको दफा ३० समेत कार्यान्वयन गर्नु हुन।

७. यसरी दिइने अवकास भुक्तानीको अभिलेख व्यवस्थापनको लागि देहाय बमोजिमको अभिलेख खाता अद्यावधिक गराई राख्ने।

| सि.न. | मिति | कर्मचारीको संकेत नं. | नाम थर | पद | ठेगाना | कार्यालय | भुक्तानीको विवरण | | | | तयार गर्ने | स्वीकृत गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | उपदान | औषधि उपचार | संचित बिदा | जम्मा | | | |
| | | | | | | | | | | | | | |

(नारायण बहादुर थापा)
लेखा अधिकृत

बोधार्थ
श्री महालेखा परिक्षकको कार्यालय।
श्री अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखा ।
श्री संघिय मामीला तथा सामान्य प्रशासन मन्त्रालय ।
श्री महालेखा नियन्त्रक कार्यालय,आन्तरिक तथा आर्थिक प्रशासन शाखा।